# राष्ट्रिय मानव अधिकार आयोग

## National Human Rights Commission, Nepal

केन्द्रिय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal

सूचना ! सूचना !! सूचना !!!

### लिलाम बढाबढ सम्बन्धी ७ दिने सूचना
### पहिलो पटक प्रकाशित मिति २०८१/०२/२७

उपरोक्त सम्बन्धमा यस राष्ट्रिय मानव अधिकार आयोगमा रहेका तपसिलमा उल्लिखित सिं नं. १ देखि ५४ सम्मका पुराना जिन्सी मालसामानहरु देहायको शर्तहरुको अधिनमा रही लिलाम बढाबढ गरिने हुँदा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ११ (लिलाम विक्री सम्बन्धी व्यवस्था) नियम १०८ को प्रयोजनार्थ सबैको जानकारीको लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

कल्पना बस्याल (घिमिरे)
प्रशासकीय अधिकृत

### तपसिल

| सि.नं. | लिलाम गर्नुपर्ने सामानको विवरण | संख्या | कायम गरिएको न्युनतम जम्मा मुल्य | कैफियत |
|---|---|---|---|---|
| १ | साइकल | १ | ९०।३३ | |
| २ | टेलिभिजन | १ | ५५६।०६ | |
| ३ | ह्वइट बोर्ड | १ | ६।०५ | |
| ४ | ह्वइट बोर्ड | १ | १४।२७ | |
| ५ | ह्ववाइट बोर्ड | १ | ६।१२ | |
| ६ | ह्वइट बोर्ड | १ | १५।२९ | |
| ७ | साइन बोर्ड | १ | १६।६१ | |
| ८ | डेस्कटप कम्प्यूटर | १ | २४८७।७० | |

| सि.नं. | लिलाम गर्नुपर्ने सामानको विवरण | संख्या | कायम गरिएको न्युनतम जम्मा मुल्य | कैफियत |
|---|---|---|---|---|
| ९ | डेस्कटप कम्प्यूटर | २ | ४४१९।४० | |
| १० | डेस्कटप कम्प्यूटर | १ | २६३९।२३ | |
| ११ | ल्यापटप | १ | ८६५।७७ | |
| १२ | ल्यापटप | १ | २०१९।३६ | |
| १३ | ल्यापटप | १ | ७११८।५५ | |
| १४ | ल्यापटप | १ | ११९४३।०७ | |
| १५ | ल्यापटप | १ | ७४०९।८६ | |
| १६ | प्रिन्टर | १ | १५९।०६ | |
| १७ | प्रिन्टर | १ | १९००।५४ | |
| १८ | प्रोजक्टर | २ | ६०६१।१६ | |
| १९ | प्रोजेक्टर स्क्रीन | १ | २३२।४८ | |
| २० | मोनिटर | २ | २४८२।०५ | |
| २१ | स्क्यानर मेशिन | १ | ७४२४।०० | |
| २२ | हिटर | १ | २०१।९३ | |
| २३ | एसी | १ | २६०७।२२ | |
| २४ | एसी | १ | १७१६।६५ | |
| २५ | यु पि एस | ३ | ५४६।०४ | |
| २६ | यु पि एस | ३ | ५१३।४२ | |
| २७ | यु पि एस | ३ | ५२७।८४ | |
| २८ | यु.पि.एस | १ | १६४९।९९ | |
| २९ | पेपर कटिङ्ग मेशिन | २ | १८२२०।७९ | |

| सि.नं. | लिलाम गर्नुपर्ने सामानको विवरण | संख्या | कायम गरिएको न्युनतम जम्मा मुल्य | कैफियत |
|---|---|---|---|---|
| ३० | वाल पंखा | १ | ५८९।६८ | |
| ३१ | ग्यास हिटर | १ | २४२।३७ | |
| ३२ | स्टिल दराज | १ | २६।६१ | |
| ३३ | एजुकेटीभ टेबुल | १ | ६००।२५ | |
| ३४ | कम्प्युटर टेवल | २ | ४०।१३ | |
| ३५ | कम्प्युटर टेवल | २ | ४५।०९ | |
| ३६ | कम्प्युटर टेवल | १ | ३७।५७ | |
| ३७ | कम्प्युटर टेवल | १ | ८०।७३ | |
| ३८ | र्‍याक | १ | १२१।५६ | |
| ३९ | टेलिफोन सेट | ५ | १५९।०१ | |
| ४० | टेलिफोन सेट | ५ | १४९।६५ | |
| ४१ | टेलिफोन सेट | ५ | १७०।४१ | |
| ४२ | कुर्ची | १० | ६६।८९ | |
| ४३ | सोफासेट | १ | २३०।३६ | |
| ४४ | रिभल्वभिङ चेयर | ५ | २१११।७६ | |
| ४५ | रिभल्वभिङ चेयर | १ | ५६१।७८ | |
| ४६ | टेवल | १ | १८।४५ | |
| ४७ | टेवल | २ | ६६।२५ | |
| ४८ | टेवल | १ | ३३।१३ | |
| ४९ | टेवल | १ | १६।७२ | |
| ५० | टेवल | १ | १६।९९ | |

| सि.नं. | लिलाम गर्नुपर्ने सामानको विवरण | संख्या | कायम गरिएको न्युनतम जम्मा मुल्य | कैफियत |
|---|---|---|---|---|
| ५१ | बुक सेल्फ | १ | ८९।०९ | |
| ५२ | बुक सेल्फ | १ | ५३६।९१ | |
| ५३ | मोटर साइकल बा ११ प ८२५८ Caliber upgrade | १ | ४०००.०० | |
| ५४ | गाडी बा ४ च ९४२७ Mahindra bolero glx 4wd | १ | ७००००.०० | |
| | जम्मा मुल्य | | १६३०६२।२७ | |

## शिलबन्दी दरभाउपत्र सम्बन्धी शर्तहरु :

१. पुराना जिन्सी मालसामानको लिलाम सम्बन्धी बोलपत्र/शिलबन्दी दरभाउपत्र यो सूचना पहिलो पटक प्रकाशित मितिले ७ दिन भित्र कार्यालय समय भित्र यस आयोगबाट खरिद गर्न सकिने छ। बोलपत्र/ शिलबन्दी दरभाउपत्रहरु ८ औ दिनको दिन ठिक १२:०० बजे सम्म दर्ता गर्न सकिने र सोही दिनको ठिक २:०० बजे उपस्थित प्रतिनिधिहरुको रोहवरमा यस आयोगमा खोलिनेछ। प्रतिनिधिहरु उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन।

२. शिलबन्दी दरभाउपत्र बुझाउने अन्तिम दिन विदा परेमा सो को भोलिपल्ट तोकिएको समयमा बुझाउन सकिनेछ र सोही दिन तोकिए बमोजिम खोलिनेछ।

३. दरभाउपत्र फाराम रु.१०००।- तिरी यस आयोगको स्टोर शाखाबाट खरिद गर्न सकिनेछ।

४. आफूले तिर्न चाहेको मूल्य (कवोल अंक) को १० प्रतिशत ले हुने रकम ने.वै.लि. गावाहल ललितपुर स्थित यस आयोगको धरौटी खाता नं.क २.३ ०१८०१०००००२००३००००००१ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर र नेपाली नागरिकताको प्रतिलिपि संलग्न राखी शिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ।

५. दरभाउपत्र पेश गर्दा खाम बाहिर **"पुराना जिन्सी मालसामान लिलाम विक्रीको दरभाउपत्र"** उल्लेख गरी यस आयोगको नाम लेखी शिलबन्दी गरी पेश गर्नुपर्नेछ।

६. म्याद नाघी आएको वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन।

७. एक व्यक्ति वा फर्मको नाममा खरिद गरिएको दरभाउपत्र अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

८. दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्र पेश गरी छानविन भएपछि प्रथम, द्वितीय र तृतीय छनौट गरी प्रथम हुनेलाई मान्यता दिइनेछ । उक्त प्रथम हुने दरभाउपत्रदाताले सम्झौता गर्न नआएमा क्रमश:द्वितीयलाई दिईनेछ । द्वितीय पनि नआएमा तृतीयलाई दिनेछ । प्रथम र द्वितीयको १० प्रतिशत धरौटी जफत गरिनेछ । दरभाउपत्र खुली कारवाही भएपछि दरभाउपत्रमा आफुले कबुल गरेको कुल जम्मा रकममा १३ प्रतिशत मूल्य अभिबृद्धि करसमेत तिरी ७ दिनभित्र उक्त मालसामान जे जस्तो अवस्थमा छन् सोही अवस्थामा लगिसक्नु पर्नेछ । ७ दिनभित्र आफूले कबोल गरेको रकम दाखिला नगरेमा राखेको १० प्रतिशत रकम कानून बमोजिम जफत गरिनेछ ।

९. न्युनतम मूल्यमा भन्दा कम मूल्यमा लिलाम बोल्न पाईने छैन ।

१०. सवारी साधनको हकमा गाडी र बाईकको नामसारी नहुने व्यहोरा जानकारी गराउदै उक्त सवारी साधन जे जस्तो अवस्थामा छ सोही अवस्थमा उठाई लैजाने ।

११. सबै जिन्सी सामानहरुको एकमुष्ट लिलाम बोल्नु पर्नेछ ।

१२. प्राप्त दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस आयोगमा रहनेछ ।

१३. दरभाउपत्र फारम सफासँग केरमेट नगरी भर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको दररेट फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

१४. बोलपत्र सम्बन्धी अन्य कुराहरु बुझ्नुपरेमा यस आयोगको स्टोर शाखामा आफैं उपस्थित भई वा फोन नं. ५०१००१५ मा फोन गरी बुझ्न सकिनेछ ।

१५. यस दरभाउपत्र सम्बन्धी शर्तहरुमा उल्लेख भएका कुराहरु यसै बमोजिम र नभएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ र प्रचलित कानून अनुसार हुनेछ ।

**कल्पना बस्याल (घिमिरे)**
**प्रशासकीय अधिकृत**

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal, Email: nhrc@nhrcnepal.org website www.nhrcnepal.org
Nepali Letter Head - Format